# योजना र बजेट प्रकृयामा नागरिक संलग्नता नीति २०८२

महाबु गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
गैडाबाज, दैलेख
कर्णाली प्रदेश, नेपाल

महाबु गाउँपालिका दैलेख

# विषय सूची


१. प्रस्तावना ........ १

२. संक्षिप्त नाम र प्रारम्भ ........ १

३. परिभाषा ........ १

४. पृष्ठभूमि ........ १

५. वर्तमान अवस्था ........ ३

६. नयाँ नीति को आवश्यकता ........ ६

७. दूरदृष्टि (**Vision**) ........ ७

८. लक्ष्य (**Mission**) ........ ७

९. रणनीतिक उद्देश्य (**Strategic Goal**) ........ ७

१०. नीतिहरु (**Policies**) ........ ७

११. कार्य योजना ........ ८

१२. नीतिको पुनाराबलोकन तथा परिमार्जन ........ १४

१३. खारेजी तथा वचाउ ........ 14


उदयराज उपाध्याय
प्रमुख प्रशासकीय अधिकृत

महाबु गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
भैडाबाज, दैलेख
कर्णाली प्रदेश, नेपाल

## १. प्रस्तावना

नेपालको संविधान २०७२ ले प्रदत्त गरेका मौलिक हक तथा नेपाल सरकारले प्रतिबद्धता गरेको अन्तर्राष्ट्रिय कानून र अधिकारहरुको प्रभावकारी कार्यान्वयन गरी नागरिकलाई हरेक निर्णय प्रकृयामा विशेष गरि योजना तथा बजेट निर्माण प्रकृयामा अर्थपूर्ण सहभागिता गराउनका लागि यो नीति तयार गरिएको छ ।

## २. संक्षिप्त नाम र प्रारम्भ

यो नीतिको नाम **"योजना तथा बजेट प्रकृयामा नागरिक संलग्नता नीति"** रहेको छ । महाबु गाउँपालिकाको कार्यपालिकाबाट पास गरे पश्चात तुरुन्त लागू गरिने छ ।

## ३. परिभाषा

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नीतिमा :

क) "कार्यपालिका" भन्नाले महाबु गाउँपालिकाको कार्यपालिकालाई जनाउँछ ।

ख) "गाउँ सभा" भन्नाले महाबु गाउँपालिकाको गाउँ सभालाई जनाउँछ ।

ग) "अध्यक्ष" भन्नाले महाबु गाउँपालिकाको अध्यक्षलाई जनाउँछ ।

घ) "उपाध्यक्ष" भन्नाले महाबु गाउँपालिकाको उपाध्यक्षलाई जनाउँछ ।

ङ) "प्रमुख प्रशासकिय अधिकृत" भन्नाले महाबु गाउँपालिकाको प्रमुख प्रशासकिय अधिकृतलाई जनाउँछ

च) "नागरिक" भन्नाले यस गाउँ पालिकामा बसोबास गर्ने सम्पूर्ण बासिन्दाहरुलाई जनाउँछ ।

छ) "नीति" भन्नाले योजना तथा बजेट प्रकृयामा नागरिक संलग्नता नीति २०८२ लाई जनाउँछ ।

## ४. पृष्ठभूमि

नेपालको संविधान २०७२ को प्रस्तावनामा उल्लेख गरिए अनुसार सार्वभौमसत्तासम्पन्न नेपाली जनता, जनताको सार्वभौम अधिकार, स्वायत्तता,



उदयराज उपाध्याय
प्रमुख प्रशासकीय अधिकृत

आर्थिक समानता, सम्बृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक, समावेशी र सहभागितामूलक सिद्धान्त र सुशासन स्थापित गर्ने परिकल्पना गरिएको छ । त्यसैगरि नागरिकहरु सुसूचित हुन पाउने अधिकारका लागि नेपालको संविधान २०७२, सूचनाको हक सम्बन्धि ऐन २०६४ र नियमावली २०६५, शुसासन ( व्यवस्थापन तथा सञ्चालन) ऐन २०६४ र नियमावली २०६५, स्थानिय सरकार संचालन ऐन २०७४, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ र नियमावली २०७७ लागू गरिएको छ ।

साथै सुशासन (संचालन तथा व्यवस्थापन) ऐन २०६४, सार्वजनिक खरिद ऐन २०६३ र नियमावली २०६४, राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोग ऐन २०७४, अन्तरसरकारी वित्त व्यवस्थापन ऐन २०७४ र प्रदेश तथा स्थानीय तहको आर्थिक कार्यविधि ऐन २०७४ लगायतले पनि योजना तथा बजेट प्रक्रियामा नागरिक सहभागिताको क्षेत्र सुनिश्चित गरेको छ । नागरिकहरु योजना तथा बजेट निर्माण प्रकृयाको बारेमा सुसुचित हुने र सकृय तथा अर्थपूर्ण रुपमा सहभागी हुन पाउने नागरिक अधिकार हो । यस कारण योजना निर्माण तथा बजेट प्रकृयामा नागरिक सहभागिता पर्याप्त रुपमा भएमा योजना तथा बजेट निर्माणका सम्पूर्ण चरण र सार्वजनिक वित्त व्यवस्थापन प्रभावकारी हुनुका साथै बजेट कार्यान्वयन पनि उत्तिकै जवाफदेही, जिम्मेवार र नागरिकको लागि लाभदायी हुनेछ ।

राज्यका निर्देशक सिद्धान्त तथा नीति अन्तर्गत नै विकास निर्माणको निर्णय प्रकृयामा स्थानीय जनसहभागिता अभिबृद्धि गर्ने नीति रहेको छ । यसैगरि नेपालले मानवअधिकारसँग सम्बन्धित विभिन्न अन्तराष्ट्रिय सन्धि तथा सम्झौताहरु हस्ताक्षर तथा अनुमोदन गरेको छ भने संयुक्त राष्ट्र संघका विभिन्न प्रस्तावहरु पनि पारित गरेको छ ।

यसवाट राज्यले आफ्ना नागरिकहरु विशेषगरी महिला, बालबालिका, अल्पसंख्यक तथा सिमान्तकृत समुदाय, ज्येष्ठ नागरिक, अपाङ्गता भएका ब्यक्तिहरुको सहभागिता र अधिकारको सम्मान, संरक्षण एवं परिपूर्ति गर्नुपर्ने अनिवार्य दायित्व सिर्जना गरेको छ ।

वित्तीय नीति निर्माण र कार्यान्वयनमा नागरिक, नागरिक संस्था, सामुदायिक समूह, व्यावसायिक संगठन, प्राज्ञिक संस्था र अन्य गैर सरकारी पक्ष र सरकारका विचमा हुने सूचना प्रवाह, परामर्श, संलग्नता, साझेदारी, खबरदारी र सशक्तीकरण नै नागरिक सहभागिता हो । यसमा एकाध पटक गरिने नागरिक परामर्श देखि निरन्तर हुने संस्थागत सम्बन्ध समेत समेटिन्छन । नागरिक सहभागिताका प्रमुख क्षेत्रहरु यस प्रकार छन् ।

१) बजेट तर्जुमा, अनुमोदन, कार्यान्वयन र सामाजिक लेखा परीक्षण जस्ता समग्र वार्षिक योजना तथा बजेट चक्र,

२) वित्तीय योजना तथा नीति निर्माण र परिमार्जन,

३) वस्तु तथा सेवा उत्पादन र वितरण प्रक्रिया,

४) सार्वजनिक लगानीका परियोजना प्रस्ताव तयारी, मूल्याङ्कन र कार्यान्वयन पर्छन ।

योजना र बजेट प्रक्रियामा नागरिक सहभागिताको अवसरले सरकार र नागरिक विचको परस्पर विश्वासको वातावरण बन्नुका साथै सरकारले गर्ने विकास र सेवा प्रवाहका प्रकृया र प्रतिफल बाँडफाँडमा नागरिकले अपनत्व ग्रहण गर्ने अवस्था रहन्छ । त्यसकारण योजना तथा बजेट प्रक्रियामा नागरिकको अर्थपूर्ण सहभागिताका लागि सदैव प्रयत्नशील रहनुपर्छ ।

**५. वर्तमान अवस्था**

कर्णाली प्रदेशले आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन २०८१, आर्थिक प्रशासन तथा शुसासन सम्बन्धि गाउँ सभा तथा नगर सभा संचालन कायविधि ऐन २०७५, कर्णाली प्रदेशमा शुसासन प्रत्याभूति गर्ने सम्बन्धमा ब्यवस्था गर्न बनेको विधेयक ऐन नं. ११, कर्णाली प्रदेश आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायीत्व ऐन २०८१, कर्णाली प्रदेश वित्तिय शुसासन जोखिम मूल्याङ्कन कार्यविधि २०८१ जस्ता कानूनहरु बनाएर लागु गरेको छ । यी कानूनले गरेका प्रावधानहरु लागु गर्न नागरिकहरुको सहभागिताका क्षेत्रहरु फराकिलो बनाएको छ ।

यसैगरि महाबु गाउँपालिकाले स्थानिय तहको सार्वजनिक सेवा मापदण्ड २०८०, खानेपानी सेवा संचालन व्यवस्थापन कार्यविधि २०७८, (परिमार्जित २०८१), खानेपानी सरसफाई तथा स्वच्छता सम्बन्धि बानीब्यवहार परिवर्तनका लागि संचार रणनीति २०८१, आर्थिक सहायता मापदण्ड सम्बन्धि कार्यविधि २०७९, लेखा समिति संचालन सम्बन्धि कार्यविधि २०७९, आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्न बनेको ऐन २०७९, गाउँपालिका पदाधिकारीहरुको आचार संहिता २०७४ बनाई लागु गरिरहेकोछ । यसै गरि यस पालिकाले उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धि कार्यविधि २०७८ लागु गरिरहेको छ । यी प्रावधानहरुले पनि नागरिक सहभागिताको आवश्यक्ता छ भन्ने देखाएको छ ।

संविधानको व्यवस्था अनुसार पनि शक्ति निक्षेपण सहितको स्थानीय तहको पुनर्संरचनाले सामाजिक परिचालन र जवाफदेहिताका अभ्यासहरुका लागि अवसरहरु सृजना गरेको छ । यसले स्थानीय सरकारलाई सुशासनको अनिवार्य तत्वको रुपमा नागरिक सहभागितालाई ग्रहण गर्ने वातावरण बनाएको छ ।

कर्णाली प्रदेशका प्रायसबै स्थानीय सरकारले संघीय नमूना कानूनमा आधारित रहेर स्थानीय आर्थिक कार्यविधि नियमित र व्यवस्थित गर्ने ऐन निर्माण गरेका छन । सो ऐनमा बजेट तर्जुमा र कार्यान्वयनका प्रशासनिक प्रक्रिया उल्लेख भएपनि योजना, बजेट तर्जुमा, अनुमोदन, कार्यान्वयन र निगरानीका चरणमा जनसहभागिता बढाउन थप कार्य गर्न जरुरी छ ।

महाबु गाउँपालिकाले बजेट तर्जुमा गर्दा सात चरणको बजेट तर्जुमा अभ्यास गर्ने गरेकोछ । योजना तर्जुमाका सात चरण मध्ये बस्ती र टोल स्तरबाट आयोजना वा कार्यक्रम छनोट गर्ने सम्वन्धमा टोल स्तरीय भेला वा गोष्ठी गर्ने गरिएको छ तर बजेट तर्जुमाका बाँकी चरणमा नागरिकले आफ्नो आवाज राख्ने अवसरलाई फराकिलो पार्न आवश्यक रहेको छ ।

बजेटको सीमा निर्धारण गर्दा क्षेत्रगत र उपक्षेत्रगत सीमा निर्धारणको अभ्यास भइरहे तापनि प्रभावकारी बनाउन जरुरी रहेको छ । बार्षिक रुपमा कार्यपालिकाले स्वीकृत गर्ने बजेटको मार्गदर्शन सम्वन्धमा अभिमुखीकरण वा नागरिक सुनुवाईको अभ्यासलाई थप प्रभावकारी बनाउन जरुरी रहेको छ ।



उदयराज उपाध्याय
प्रमुख प्रशासकीय अधिकृत

त्यसैगरी मध्यकालीन खर्च संरचनाको अभ्यास सिमित भएको तथा आवधिक प्रतिवेदनहरु समयवद्ध प्रकाशनको अभ्यास नहुँदा बजेट कार्यान्वयनको अबस्था बारे नागरिक सुसूचित हुन पाएका छैनन् ।

बजेट प्रक्रियामा संलग्न हुने राजश्व परामर्श समिति, स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति र कार्यक्रम तथा बजेट तर्जुमा समितिले जिम्मेवारी निर्वाह गर्ने क्रममा नागरिक सहभागिताका पक्षलाई पर्याप्त अबसर दिन जरुरी छ ।

आगामी आर्थिक बर्षको बजेटका सिद्धान्त र प्राथमिकता र नीति तथा कार्यक्रममाथि नागरिक स्तरमा छलफल हुने अवसरमा बढावा दिनु पर्छ । स्रोत अनुमान तथा राजस्व सम्वन्धि छलफलमा स्वतन्त्र नागरिक वा सो क्षेत्रको विज्ञको सहभागितालाई प्रभावकारी बनाउन जरुरी छ ।

गाउँपालिकाको बजेट वक्तव्य तथा अनुसूची सहितको पुस्तिका सार्वजनिक गर्ने गरिएको भएतापनि वडागत रुपमा छुट्ट्याइएका योजनको पुस्तिका आम नागरिक सम्म नपुग्दा बजेट कार्यान्वयको प्रक्रियामा नागरिक सहभागिताको अवसर सीमित भएको छ ।

स्थानीय उपभोक्ता समिति र टोल विकास संस्थाले नागरिक सहभागिताको अवसर सृजना गरेपनि समावेशी र प्रतिनिधिमुलक सहभागितालाई अझै बढाउन आवश्यक छ ।

निर्माण व्यवसायी छनोट ई-विडिङ मार्फत गर्ने गरिएको छ भने निर्माण कार्यको गुणस्तरीयता मूल्यांकनको क्रममा जनसहभागिता बढाउन जरुरीछ । बजेट कार्यान्वयनको अवधिमा प्रकाशन गरिनुपर्ने आवधिक प्रतिवेदनहरु सार्वजनिक गर्ने र सामाजिक जवाफदेहिताका अभ्यासलाई दिगो र संस्थागत गर्नुपर्ने छ । पालिका र वडा स्तरवाट हुने अनुगमनमा नागरिकहरुको अर्थपूर्ण सहभागिता गराउने तथा अनुगमन प्रतिवेदनहरु सार्वजनिक गर्ने अभ्यासको बढावा दिन पर्नेछ ।

स्थानीय लेखा समितिले महालेखा परिक्षकको प्रतिवेदन अध्ययन गर्ने र त्यसमा नागरिक संवाद गर्ने अभ्यासको थालनी गर्नु पर्ने छ ।

महाबु गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
भैंडाबाज, दैलेख
कर्णाली प्रदेश, नेपाल

विधुतीय सुशासन प्रवर्द्धनका लागि उपयुक्त विधि प्रविधि अवलम्बन गर्नुमा कर्णाली प्रदेश अन्तर्गतका स्थानीय सरकारहरु अग्रसर देखिन्छन । उदाहरणका लागि सरकारी तथ्यांक, दस्तावेज तथा सूचनाहरुको विधुतीकरण र स्व-प्रकाशनको अभ्यास रहेका छन् । महाबु गाउँपालिकाले पनि नागरिककालागि तथ्यांक, दस्तावेज तथा सूचनाहरु विधुतीकरण र स्व-प्रकाशनका गर्ने गरेको भएतापनि आम नागरिकलाई यस विषयमा सुसूचित गर्न जरुरीछ ।

तर पनि आयोजना छनौटमा नागरिक सहभागिता सुनिश्चित गर्ने, क्षतिपूर्ति सहितको नागरिक वडापत्र राख्ने, सुशासन समितिको निर्माण, सार्वजनिक सुनुवाई, सामाजिक लेखापरीक्षण, गुनासो व्यवस्थापन, सूचनादाता संरक्षण र विधुतीय सुशासनको प्रावधानले नागरिक सहभागिताको प्रशस्त आधार तयार गरेको छ । यद्धपि योजना र बजेट निर्माणका चरणहरुमा नागरिक सहभगिता सुधार गर्ने प्रशस्त ठाउँ र अवसर छ । यसका लागि पनि यो नीति समय सापेक्षित छ ।

## ६. नयाँ नीति को आवश्यकता

नेपालको संविधान, संघ, प्रदेश र स्थानीय सरकारको कानूनी प्रावधान तथा अभ्यासले योजना तथा बजेट प्रक्रियामा नागरिक सहभागिताको विषयलाई विकासको अन्तर्निहित दृष्टिकोणको रुपमा अभिव्यक्त गरेका छन् ।

तर महाबु गाउँपालिकामा योजना तथा बजेट प्रक्रियाका चरण मध्ये गाउं, टोल बस्ति स्तरिय योजना छनौट चरणमा नागरिकको सहभागिता गराउने गरेको भएतापनि अरु चरणहरुमा सहभागिता गराउन स्पष्ट नीतिगत व्यवस्था छैन ।

तसर्थ योजना तथा बजेट प्रक्रियालाई थप पारदर्शी, जवाफदेही र सहभागितामूलक बनाउन र त्यसका आधारमा परिणाममुखी, सार्वजनिक वित्त व्यवस्थापन प्रणालीको आधार तय गर्न यो नीति महत्वपूर्ण रहेको छ । समाजका सवालहरुमा नागरिकहरुको अर्थपूर्ण सहभागिता, बुझाई र उत्तरदायित्व बृद्धि गर्नका लागि पनि यो नीति आवश्यक छ ।

यस नीतिलाई मापदण्ड मानेर स्थानीय सरकारले भविष्यका नीति, कार्यक्रम तथा नीतिविधिहरु नागरिक सहभागितालाई योजना, बजेट र विकासमा मूलप्रवाहिकरण गर्न सकिन्छ ।



उदयराज उपाध्याय
प्रमुख प्रशासकीय अधिकृत

महाबु गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
भैडाबाज, दैलेख
कर्णाली प्रदेश, नेपाल

बजेट प्रक्रियामा सहभागिता अन्तर्गत वित्तीय सूचना सार्वजनिकिकरण, नागरिक परामर्श र संलग्नताका अभ्यास अपूर्ण रहको छ । नागरिक सहभागिताका चरण र क्षेत्र निर्धारण, सो को अग्रिम जानकारी, नागरिक सहभागिताका पद्धतिबाट प्राप्त राय सुझावको अभिलेखन, उपयोगिता विश्लेषण र प्रयोग सहितको चरण निर्धारण गरी लागु गरिएमा सरकार र नागरिक बीचको सम्बन्ध प्रगाढ हुनेछ ।

## ७. दूरदृष्टि (Vision)

"समुन्नत महाबु, सम्मानित महाबुबासी"

## ८. लक्ष्य (Mission)

समावेशी नागरिक सहभागिता सहितको परिणाममुखी योजना तथा बजेट प्रक्रिया संस्थागत भएको महाबु गाउँपालिका निर्माण गर्ने ।

## ९. रणनीतिक उद्देश्य (Strategic Goal)

महाबु गाउँपालिकाको योजना तथा बजेट प्रक्रियामा नागरिक सहभागिता र समावेशी सिद्दान्तको व्यवहारिक कार्यन्वयन गर्ने ।

## १०. नीतिहरु (Policies)

गाउँपालिकाले निर्माण गर्ने सम्पूर्ण योजना तथा बजेट प्रक्रियालाई नागरिक सहभागिताको अवधारणाबाट संस्थागत गर्नेछ । नागरिक सहभागिता सम्बन्धी नीतिले सम्बोधन गर्नुपर्ने प्रमुख क्षेत्र र विषयलाई देहाय बमोजिमका नीतिहरुमार्फत प्रष्ट पारिएको छ ।

- आवधिक रणनीतिक योजना निर्माण र वित्तीय प्रक्षेपणको सहभागितामूलक अभ्यास संस्थागत गर्ने ।
- सार्वजनिक वित्त व्यवस्थापन चक्रका सबै चरणमा सुसुचित र अर्थपूर्ण नागरिक सहभागिता प्रवन्ध गर्ने ।
- पूर्व बजेट विवरण, नागरिक बजेट, मध्यमकालीन खर्च संरचना र परियोजना बैंक निर्माणमा नागरिक सहभागिता अभिवृद्धि गर्ने ।
- योजना र बजेट प्रक्रियाका सम्पूर्ण दस्तावेजलाई नागरिकले बुझ्ने स्वरूप र ढाँचामा प्रस्तुत गरी वित्तीय सूचनामा नागरिक पहुँच स्थापित गर्ने ।



उदयराज उपाध्याय
प्रमुख प्रशासकीय अधिकृत

महाबु गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
भैरवाज, दैलेख
कर्णाली प्रदेश, नेपाल

- सामाजिक जवाफदेहिताका औजार र उपकरणहरुको सार्वजनिक सेवा प्रवाहमा मूलप्रवाहीकरण गर्ने ।
- सार्वजनिक वित्त व्यवस्थापनमा संलग्न हुने माग र पूर्ति दुवै पक्षको क्षमता विकास गर्ने
- सूचनाको हक अन्तर्गत स्व-सक्रिय प्रकाशनलाई सार्वजनिक वित्त व्यवस्थापनको अभ्यासमा ल्याउने ।
- योजना र बजेटका विषयमा गुनासो व्यवस्थापन संयन्त्रलाई संस्थागत गर्ने ।
- वाह्य लेखापरीक्षणको प्रतिबेदनको छलफलमा नागरिक सहभागिताका विधि र पद्धति प्रवर्द्धन गर्ने ।

## ११. कार्य योजना

| क्रियाकलाप | प्रगति मापनका सूचना | श्रोत | समय | जिम्मेवार | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| **महाबु गाउँपालिका** | | | | | |
| **उद्देश्य:** महाबु गाउँपालिकाको योजना तथा बजेट प्रक्रियामा नागरिक सहभागिता र समावेशी सिद्दान्तको व्यवहारिक कार्यन्वयन गर्<br>**उपलब्धि मापनको सूचक:** योजना तथा बजेट तर्जुमा प्रक्रियामा नागरिक सहभागिता अभिवृद्धिका लागि आवश्यक नीतिगत, कानूनी एवं संस्थागत प्रवन्ध गरी अभ्यासमा भएको महाबु गाउँपालिकाको प्रगति,<br>**प्रमुख रणनीतिहरु** : बजेट प्रक्रियालाई निर्देशित र व्यवस्थित गर्ने सहभागिता र समावेशिताका सिद्धान्त सहितको कार्यढाँचा निर्माण कार्यान्वयन गर्ने तथा आपूर्ति पक्ष (महाबु गाउँपालिका) र माग पक्ष (समुदायको) क्षमता विकासलाई प्राथमिकताका साथ अघि बढाउने । | | | | | |
| **चरण १: बजेट तर्जुमा (आवधिक योजना र रणनीतिक प्रक्षेपण सहित)** | | | | | |
| **क्रियाकलाप** | **प्रगति मापनका सूचना** | **श्रोत** | **समय** | **जिम्मेवार** | **सहयोगी निकाय** |
| १.१ सहभागितामूलक आवधिक योजना तर्जुमा कार्यविधि तयार गर्ने । | आवधिक योजना तर्जमा कार्यविधिको उपलब्धता । | गाउँपालिकाको वेबसाइट | नयाँ आवधिक योजना तयार गर्दा | अध्यक्ष, उपाध्यक्ष/गाउँ कार्यपालिका | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय राष्ट्रिय र प्रदेश योजना आयोग |
| १.२ आवधिक योजना निर्माणका क्रममा समुदाय, वडा र गाउँ तहका नागरिकसँग प्रत्यक्ष छलफल गर्ने, | आवधिक योजना तर्जुमा मस्यौदा सार्वजनिकीकण र नागरिक सुझावको विवरण | गाउँपालिकाको वेबसाइट प्रकाशित पुस्तिका | नयाँ आवधिक योजना तयार गर्दा | अध्यक्ष, उपाध्यक्ष/गाउँ कार्यपालिका | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय राष्ट्रिय र प्रदेश योजना आयोग |



उदयराज उपाध्याय
प्रमुख प्रशासकीय अधिकृत

| | | | | | |
|---|---|---|---|---|---|
| १.३. योजनाको प्रारम्भिक मस्यौदा तयार भएपछि नागरिक सुझावका लागि सार्वजनिक गर्ने र अन्तिम मस्यौदा पनि सार्वजनिक गर्ने । | आवधिक योजना तर्जुमा मस्यौदा | गाउँपालिकाको वेबसाइट प्रकाशित पुस्तिका | नयाँ आवधिक योजना तयार गर्दा | अध्यक्ष, उपाध्यक्ष/गाउँ कार्यपालिका | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय राष्ट्रिय र प्रदेश योजना आयोग |
| १.४. स्थानीय बजेट तर्जुमा दिग्दर्शनमा व्यवस्था गरी अर्ध वार्षिक समीक्षा, आगामी ३ बर्षको आय र व्यय प्रक्षेपण सहितको मध्यमकालीन खर्च संरचनाको मस्यौदा तयार गरी नागरिक सुझावका लागि सार्वजनिक गर्ने । | नागरिक सुझाव र परामर्श सहितको मध्यमकालीन खर्च संरचना को मस्यौदा | गाउँपालिकाको वेबसाइट, नागरिक राय तथा सुझावको अभिलेख | हरेक वर्ष | अध्यक्ष, उपाध्यक्ष/गाउँ कार्यपालिका | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय राष्ट्रिय र प्रदेश योजना आयोग र अर्थ मन्त्रालय, युनिसेफ |
| १.५. मस्यौदामाथि नागरिकको सुझाव संकलन गर्ने र नागरिक संस्थाका प्रतिनिधि समेतसँग छलफल गरी अन्तिम रुप दिने र सार्वजनिक गर्ने । | नागरिक सुझाव र परामर्श सहितको मध्यमकालीन खर्च संरचना को मस्यौदा | गाउँपालिकाको वेबसाइट, नागरिक राय तथा सुझावको अभिलेख | हरेक वर्ष | अध्यक्ष, उपाध्यक्ष/गाउँ कार्यपालिका | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय राष्ट्रिय र प्रदेश योजना आयोग र अर्थ मन्त्रालय |
| १.६. सहभागितामूलक विधिबाट परियोजना बैङ्क तयार गरी संघीय सूचना प्रणालीमा प्रविष्ट गर्नुका साथै सार्वजनिक गर्ने । | सहभागितामूलक विधिबाट तयार पारिएको , परियोजना बैङ्क र विवरण | गाउँपालिकाको वेबसाइट | हरेक वर्ष | अध्यक्ष, उपाध्यक्ष/गाउँ कार्यपालिका | राष्ट्रिय /प्रदेश योजना आयोग |
| १.७. गाउँपालिकाको जिम्मेवार कर्मचारी तथा पदाधिकारीलाई त्रिवर्षीय आय तथा व्यय अनुमान सहितको मध्यमकालीन खर्च संरचना तयारी सम्बन्धमा तालिम उपलब्ध गराउने । | तालिम प्राप्त पदाधिकारी तथा कर्मचारी सङ्ख्या | तालिम प्रतिवेदन तथा अभिलेखहरू | आवश्यक्ता अनुसार | स्थानीय सरकार, सङ्घीय सार्वजनिक वित्त व्यवस्थापन तालिम केन्द्र, प्रदेश सुशासन केन्द | सङ्घीय मालिम तथा सामान्य प्रशासन मन्त्रालय |
| १.८. बजेट तर्जुमाका सातवटै चरणमा अवलम्बन गरिने सहभागीको उपस्थिति अनुसार सहभागीको लैङ्गिक लगायत खण्डीकृत अभिलेख राख्ने । | सात चरणको व्याख्या सहितको बजेट तर्जुमा दिग्दर्शन र बजेट तर्जुमा गोष्ठीमा सहभागीको खण्डीकृत तथ्याङ्क उपलब्धता | गाउँपालिकाको वेबसाइट | नियमित | कार्यक्रम तथा बजेट तर्जुमा शाखा | प्रमुख प्रशासकिय अधिकृत/गाउँ पालिका |
| १.९. बस्ती वा टोल स्तरको योजना तर्जुमा गोष्ठीबाट प्राप्त सुझावका आधारमा वडा स्तरका विकास कार्यक्रमको प्राथमिकीकरणका लागि शैक्षिक संस्था, स्वास्थ्य संस्था, उपभोक्ता समिति, सहकारी, आमा समूह, महिला समूह आदिका प्रतिनिधिसँग वडा समितिले परामर्श गर्ने संस्थागत विधि बनाउने । | वडा स्तरीय परामर्श बैठक संख्या | कार्यक्रमको प्रतिवेदन | हरेक वर्ष | वडा समितिहरू | अध्यक्ष, उपाध्यक्ष/गाउँ कार्यपालिका |



उदयराज उपाध्याय
प्रमुख प्रशासकीय अधिकृत

| | | | | | |
|---|---|---|---|---|---|
| १.१०. क्षेत्र र उपक्षेत्रगत बजेट सीमा निर्धारण गरी आगामी आर्थिक बर्षको बजेटको सीमा र मार्गदर्शन टोल भेला अघि निर्माण गरी सार्वजनिक गर्ने । | कुल र क्षेत्रगत बजेट सीमाको उपलब्धता | गाउँपालिकाको वेबसाइट | हरेक वर्ष | स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति | अध्यक्ष, उपाध्यक्ष/गाउँ कार्यपालिका |
| १.११. स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति, राजस्व परामर्श समिति र कार्यक्रम तथा बजेट तर्जुमा समितिले आफ्नो कार्य सम्पन्न गर्नु पूर्व कम्तीमा एकपटक नागरिक समाजसँग सुझाव लिने । | सहभागितामूलक बैठकको सङ्ख्या | बैठकका प्रतिवेदन, अभिलेख | हरेक वर्ष | स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति र राजस्व परामर्श समिति | प्रमुख प्रशासकिय अधिकृत/गाउँ पालिका |
| १.१२. आधारभूत वित्तीय सूचना सहितको पूर्व बजेट विवरण तयार गर्ने तथा नागरिक सङ्घ संस्थाका प्रतिनिधि र नागरिकसँग पूर्व बजेटमा छलफल गर्ने । | बजेट विवरणको उपलब्धतापूर्व बजेट परामर्श सङ्ख्या | गाउँपालिकाको वेबसाइट सूचना तथा परामर्श बैठकका अभिलेख | हरेक वर्ष | स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति र राजस्व परामर्श समिति | प्रमुख प्रशासकिय अधिकृत/गाउँ पालिका |
| १.१३. नीति तथा कार्यक्रम र बजेट प्रस्तुति बीचका समय कम्तीमा ७ दिन बनाउने अर्थात् असार ३ गते भित्र नीति तथा कार्यक्रम सभामा पेस गर्ने र त्यसमाथि नागरिक सुझाव लिने । | परिमार्जित कार्यतालिका सहितको अद्यावधिक बजेट तर्जुमा दिग्दर्शनको उलब्धता | गाउँपालिकाको वेबसाइट नीति तथा कार्यक्रमबारे टिप्पणी तथा सुझावको अभिलेख | हरेक वर्ष | अध्यक्ष, उपाध्यक्ष/गाउँ कार्यपालिका | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय |
| १.१४. राजस्व परामर्श समितिले हरेक वर्ष आफ्नो प्रतिवेदन तयार गर्नु अघि विभिन्न नागरिक संस्थाका प्रतिनिधिसँग राजस्वका दायरा, दर, क्षेत्र आदिबारे छलफल गर्ने । | राजस्व नीतिका सन्दर्भमा नागरिक सुझाव र पृष्ठपोषण को संख्या | सूचनाहरू, सहभागिता मूलक बैठक तथा सुझावको अभिलेख तथा प्रतिवेदन | हरेक वर्ष | राजस्व परामर्श समिति | अध्यक्ष, उपाध्यक्ष/गाउँ कार्यपालिका |
| १.१५. सङ्घीय सरकारबाट उपलब्ध गराइएको दिग्दर्शनमा आधारित रहेर स्थानीय बजेट तर्जुमा नमूना दिग्दर्शन मार्फत महिला, दलित, अपाङ्गता भएका व्यक्ति, बालबालिका आदि समूहको लक्षित कार्यक्रम निर्माण र प्राथमिकीकरणको विधि कार्यान्वयन गर्ने । | परिमार्जित बजेट तर्जुमा दिग्दर्शनको उपलब्धता | गाउँपालिकाको वेबसाइट | हरेक वर्ष | अध्यक्ष, उपाध्यक्ष/गाउँ कार्यपालिका | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय |
| १.१६. सङ्घीय सरकारबाट उपलब्ध गराइएको नमुना दिग्दर्शनमा आधारित रहेर स्थानीय लैङ्गिक बजेट तर्जुमा दिग्दर्शन निर्माण गर्ने । | स्थानीय लैङ्गिक बजेट तर्जुमा दिग्दर्शनको उपलब्धता | गाउँपालिकाको वेबसाइट | हरेक वर्ष | अध्यक्ष, उपाध्यक्ष/गाउँ कार्यपालिका | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय |
| १.१७. प्रशासनिक, कार्यगत र लैङ्गिक बजेट वर्गीकरण सहितको बजेट पुस्तिका सार्वजनिक गर्ने । | वर्गीकृत बजेट सूचना सहितको बजेट पुस्तिकाको उपलब्धता | गाउँपालिकाको वेबसाइट | हरेक वर्ष | कार्यक्रम तथा बजेट तर्जुमा शाखा | |

उदयराज उपाध्याय
प्रमुख प्रशासकीय अधिकृत

महाबु गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
भैरवाज, दैलेख
कर्णाली प्रदेश, नेपाल

| | | | | | |
|---|---|---|---|---|---|
| १.१८ प्रस्तावित कार्यक्रम र स्थानीय बजेट सूचना प्रणाली (सूत्र)मा प्रविष्टि र बजेटको अनुसूची तयारीलाई एकसाथ अघि बढाउने र बजेट वक्तव्यसँगै बजेटका अनुसूची गाउँ सभामा प्रस्तुत गर्ने र सार्वजनिक गर्ने । | बजेटका अनुसूची सहितको बजेट प्रस्ताव सार्वजनिक गर्ने स्थानीय तहको सङ्ख्या | गाउँपालिकाको वेबसाइट | हरेक वर्ष बजेट प्रस्ताव प्रस्तुत हुने दिन | कार्यक्रम तथा बजेट तर्जुमा शाखा | लेखा तथा बजेट शाखा र स्थानीय कार्यपालिका |
| १.१९ स्थानीय तहको नागरिक बजेट (बजेटको सरल प्रस्तुति) प्रकाशन गर्ने र आम नागरिकलाई बजेटमा सुसूचित गराउने । | नागरिक बजेट को सार्वजनिक उपलब्धता | गाउँपालिकाको वेबसाइट | हरेक वर्ष बजेट प्रस्ताव प्रस्तुत हुने दिन | कार्यक्रम तथा बजेट तर्जुमा शाखा | अध्यक्ष, उपाध्यक्ष/गाउँ कार्यपालिका |
| १.२० नागरिक सहभागिता बढाउनका लागि नागरिक संस्था (विभिन्न संजाल, टोल विकास संस्था, सहकारी, उपभोक्ता समिति आदि) लाई योजना तथा बजेट तर्जुमाका चरण र नागरिकको भूमिका बारे अभिमुखिकरण गराउने । | योजना तथा बजेटका चरणहरुमा सहभागिता बढेको | कार्यक्रमको प्रतिवेदन | हरेक वर्ष | कार्यक्रम तथा बजेट तर्जुमा शाखा | प्रमुख प्रशासकिय अधिकृत |

**चरण २: बजेट अनुमोदन**

| क्रियाकलाप | प्रगति मापनका सूचना | श्रोत | समय | जिम्मेवार | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| २.१ गाउँ सभाले बजेटमा छलफल सुरु गर्नुभन्दा केही दिन अघिनै बजेटबारे नागरिकले सुझाव दिने अवसर उपलब्ध गराउने, नागरिक सङ्घ संस्था तथा सञ्चार माध्यमसँग परामर्श गर्ने । | गाउँसभाले बजेटका विभिन्न पक्षमा लिईएको नागरिक सुझाव को संख्या | प्रतिवेदन, अभिलेख, खुला सुनुवाई | हरेक वर्ष बजेट प्रस्तुत भएपछि पारित नहुँदासम्म | गाउँ सभा | |
| २.२ सभामा बजेट पेस भएपछि बजेट वक्तव्य र अनुसूची सदस्यलाई अध्ययन गर्न र नागरिकबाट सुझाव प्राप्त गर्न ७ दिनको समय दिने र बजेटमा दफावार छलफल गरी पारित गर्ने । | परिमार्जित स्थानीय सभा सञ्चालन कार्यविधि र अभ्यास | सभाको अभिलेख तथा खुला सुनुवाइ | हरेक वर्ष बजेट प्रस्तुत भएपछि | गाउँ सभा | |
| २.३ विपद् प्रतिकार्य कोष तथा मर्मत सम्भार कोषबाहेक सबै रकम कार्यक्रम र शीर्षकगत रुपमा राख्नुका साथै विषय क्षेत्र, प्रशासनिक एकाइका आधारमा खोजिने छुट्याउन सकिने बजेट सूचना प्रस्तुत गरी बजेट पुस्तिका तयार गर्ने । | विस्तृत बजेट सूचना सहितको स्वीकृत योजना तथा बजेट पुस्तिका | गाउँपालिकाको वेबसाइट | हरेक वर्ष | अध्यक्ष, उपाध्यक्ष/गाउँ कार्यपालिका | |

**चरण ३: बजेट कार्यान्वयन**

| क्रियाकलाप | प्रगति मापनका सूचना | श्रोत | समय | जिम्मेवार | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| ३.१ मासिक, त्रैमासिक, अर्ध वार्षिक र वार्षिक समीक्षा तथा प्रतिवेदन निर्माण र | बजेट क्यालेन्डर सहितको आर्थिक | गाउँपालिकाको वेबसाइट | हरेक बर्ष ( मासिक, | अध्यक्ष, उपाध्यक्ष/गाउँ | |



उदयराज उपाध्याय
प्रमुख प्रशासकीय अधिकृत

महावु गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
भैरबाज, दैलेख
कर्णाली प्रदेश, नेपाल

| | | | | | | |
|---|---|---|---|---|---|---|
| प्रकाशनको कार्यतालिका स्थानीय आर्थिक कार्यविधि तथा नियमावली अनुसार कार्यान्वयन गर्ने । | कार्यविधि नियमावलीको उपलब्धता, वित्तीय प्रगति प्रतिवेदनको समयबद्ध सार्वजनिकीकरण | | त्रैमासिक, अर्ध वार्षिक र वार्षिक) | कार्यपालिका | | |
| ३२. मध्यमकालीन समीक्षा प्रतिवेदन माथि नागरिक संवाद वा सुनुवाइको प्रबन्ध गर्ने । | वित्तीय प्रगति प्रतिवेदनको समयबद्ध सार्वजनिकीकरण | गाउँपालिकाको वेबसाइट | हरेक बर्ष ( मासिक, त्रैमासिक, अर्ध वार्षिक र वार्षिक) | अध्यक्ष, उपाध्यक्ष/गाउँ कार्यपालिका | | |
| ३३. उपभोक्ता समिति गठन र समिति सञ्चालन, पारदर्शिता र सुशासनका निश्चित मापदण्ड सहितको स्थानीय कानुन बनाई कार्यान्वयन गर्ने । | उपभोक्ता समिति सञ्चालन कार्यविधि को उपलब्धता | गाउँपालिकाको वेबसाइट | हरेक वर्ष | | अध्यक्ष, उपाध्यक्ष/गाउँ कार्यपालिका | |
| ३४. सार्वजनिक खरिदका सबै विवरण खरिदको निर्णय हुने बित्तिकै स्थानीय सरकारको वेबसाइटबाट सार्वजनिक गर्ने व्यवस्था गर्ने । | सार्वजनिक खरिदको निर्णय सार्वजनिक गर्ने | गाउँपालिकाको वेबसाइट | हरेक वर्ष | प्रमुख प्रशासकिय अधिकृत/गाउँ पालिका | | |
| ३५. गाउँ र वडा स्तरमा वार्षिक न्यूनतम ३ पटक सार्वजनिक सुनुवाई गर्ने र बजेट कार्यान्वयनको मध्यावधि समीक्षामा आधारित रहेर गाउँ पालिका स्तरमा कम्तीमा एउटा सार्वजनिक सुनुवाई गर्ने । | बजेट कार्यान्वयनका सन्दर्भमा आयोजना सार्वजनिक गरिएको सुनुवाई का सङ्ख्या | सुनुवाईका अभिलेख तथा प्रतिवेदनहरू | नियमित ( कार्तिक, पौष र बैशाख) | गाउँ पालिका र वडा समिति | तेश्रो पक्ष | |
| ३६. मध्यावधि समीक्षामा आधारित सार्वजनिक सुनुवाईमा राजस्व तथा खर्च विवरणमा बेग्लाबेग्लै छलफल गर्ने । | बजेट कार्यान्वयनका सन्दर्भमा आयोजना सार्वजनिक गरिएको सुनुवाई का सङ्ख्या | सुनुवाईका अभिलेख तथा प्रतिवेदनहरू | नियमित ( कार्तिक, पौष र बैशाख) | गाउँ कार्यपालिका र वडा समिति | | |
| ३७. प्राकृतिक स्रोत उत्खनन प्रक्रिया तथा राजस्व सम्बन्धी अन्य ठेक्का प्रक्रियामा प्रतिनिधिमूलक नागरिक सहभागिता वा पर्यवेक्षण अनिवार्य गर्ने । | राजस्वसँग संवन्धित ठेक्का प्रक्रियामा नागरिक पर्यवेक्षणको अभ्यासमा भएको बढोत्तरी | निर्णय तथा सहभागिताका अभिलेख | नियमित | प्रमुख प्रशासकिय अधिकृत/गाउँ पालिका | | |
| ३८. आन्तरिक ऋण, सार्वजनिक र निजी साझेदारी जस्ता विधिबाट निर्माण गरिने परियोजनाको विस्तृत परियोजना प्रतिवेदन तयारी तथा ऋण वा साझेदारीको निर्णय सार्वजनिक गरेर प्रकृया अघि बढाउने । | विस्तृत परियोजना प्रतिवेदन तयारी सम्बन्धी सान्दर्भिक कार्यविधि तयारी र कार्यान्वयन | गाउँपालिकाको वेबसाइट र सार्वजनिक विस्तृत परियोजना प्रतिवेदन | नियमित | अध्यक्ष, उपाध्यक्ष/गाउँ कार्यपालिका | | |
| ३९. गाउँ स्तरको पूर्वाधार विकास | पूर्वाधार | सार्वजनिक | नियमित | गाउँ स्तरीय | अध्यक्ष, | |



उदयराज उपाध्याय
प्रमुख प्रशासकीय अधिकृत

महाबु गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
भैरीकाँडा?, दैलेख
कर्णाली प्रदेश, नेपाल

| | | | | | |
|---|---|---|---|---|---|
| आयोजनाको अनुगमन टोलीमा सम्बन्धित परियोजना क्षेत्रका नागरिकको सहभागितामा अनुगमन गर्ने । | आयोजनाको सहभागितामूलक अनुगमनको अभ्यासमा सुधार | अनुगमन प्रतिवेदन तथा अभिलेख | | अनुगमन समिति, सुशासन समिति | उपाध्यक्ष/गाउँ कार्यपालिका |
| ३.१०. आर्थिक विकास, सामाजिक विकास, विपद् व्यवस्थापन जस्ता क्षेत्रका गाउँ स्तरका प्रमुख कार्यक्रमको लाभग्राही तथा नागरिक सन्तुष्टि सर्वेक्षण गर्ने । | नागरिक सन्तुष्टि सर्वेक्षणको अभ्यासमा सुधार | प्रतिवेदन तथा अभिलेखहरू | हरेक वर्ष कार्यक्रम सम्पन्न भएपछि | योजना तथा अनुगमन मुल्याङ्कन शाखा | अध्यक्ष, उपाध्यक्ष/गाउँ कार्यपालिका |
| ३.११. स्थानीय सरकार र नागरिक सङ्घ संस्था दुवैले बजेट कार्यान्वयनका सन्दर्भमा नागरिकको सन्तुष्टि तथा गुणस्तर मापनका लागि सार्वजनिक सुनुवाइ, सार्वजनिक लेखापरीक्षण, सामूदायिक अङ्क पत्र, नागरिक प्रतिवेदनपत्र आदि प्रकृया कार्यान्वयन गर्ने । | कार्यान्वयन मा ल्याइएका सामाजिक जवाफदेहिताका औजारहरु | सम्बन्धित प्रतिवेदन तथा अभिलेखहरू | नियमित | योजना तथा अनुगमन मुल्याङ्कन शाखा | अध्यक्ष, उपाध्यक्ष/गाउँ कार्यपालिका |
| ३.१२. कार्यक्रम तथा परियोजनाका सन्दर्भमा नागरिकको गुनासो सङ्कलन तथा सम्बोधन गर्न तथा सहभागितामूलक अनुगमनका लागि कार्यविधि बनाउने । | कार्यविधि संख्या | गाउँपालिकाको वेबसाइट | | अध्यक्ष, उपाध्यक्ष/गाउँ कार्यपालिका | |
| ३.१३. महामारी र विपदको समयमा गरिने बजेटको रकमान्तर र स्रोतान्तरको सूचना सार्वजनिक गर्ने तथा नागरिक संवाद गर्ने । | रकमान्तर सम्वन्धी सूचनाको उपलब्धता , नागरिक संवादको अभ्यास | गाउँपालिकाको वेबसाइट, सम्वाद तथा पृष्ठपोषणको अभिलेख | आवश्यक्ता अनुसार | प्रमुख प्रशासकिय अधिकृत/गाउँ पालिका | |
| ३.१४. स्थानीय विनियोजन ऐनको सीमाभित्रबाट रकमान्तर र स्रोतान्तरका सूचना नियमित सार्वजनिक गर्ने । | सान्दर्भिक वित्तीय सूचना नियमित सार्वजनिक गर्ने अभ्यास | गाउँपालिकाको वेबसाइट | आवश्यक्ता अनुसार | प्रमुख प्रशासकिय अधिकृत/गाउँ पालिका | |

**चरण ४: निगरानी तथा लेखापरीक्षण**

| क्रियाकलाप | प्रगति मापनका सूचना | श्रोत | समय | जिम्मेवार | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| ४.१. गाउँ कार्यपालिकामा प्रतिनिधित्व नगर्ने सदस्यहरू मध्येबाट (गाउँ प्रमुखभन्दा फरक दलबाट प्रतिनिधित्व गर्ने) संयोजक रहनेगरी लेखा समिति निर्माण गर्ने । | सभा सञ्चालन नियमावलीमा व्यवस्था गरी लेखा समिति गठन को अभ्यास | गाउँपालिकाको वेबसाइट | पहिलो वर्षको सभाको पहिलो सत्र | गाउँ सभा | अध्यक्ष, उपाध्यक्ष/गाउँ कार्यपालिका |
| ४.२. महालेखा परीक्षकको प्रतिवेदन सार्वजनिक गर्ने, नागरिक र सञ्चार माध्यमसँग छलफल गर्ने र नागरिक सुझाव समेतका आधारमा र सार्वजनिक लेखा समितिको निगरानीमा गाउँ सभाको समितिले गर्ने । | लेखापरीक्षण प्रतिवेदन सार्वजनिक गर्ने र समिति र सभामा छलफल गर्ने स्थानीय तहको अनुपात | गाउँपालिकाको वेबसाइट, छलफलका अभिलेख | हरेक वर्ष | लेखा समिति | प्रमुख प्रशासकिय अधिकृत/गाउँ पालिका |
| ४.३. लेखा समितिले बेरुजु लगायत महालेखा परीक्षकको प्रतिवेदनका ठम्याइ तथा सुझावमाथि गर्ने छलफलमा | सहभागितामूलक बैठकको संख्या | सान्दर्भिक अभिलेख तथा प्रतिवेदनहरू | नियमित | लेखा समिति | प्रमुख प्रशासकिय अधिकृत/गाउँ पालिका |



उदयराज उपाध्याय
प्रमुख प्रशासकीय अधिकृत

| | | | | | |
|---|---|---|---|---|---|
| प्रतिनिधिमूलक नागरिक सहभागिता गराउने | | | | | |
| ४.४. उपभोक्ता समिति र अन्य प्रक्रियाबाट कार्यान्वयन हुने कार्यक्रम तथा परियोजनाको सार्वजनिक लेखा परीक्षण गर्ने र निश्चित रकम भन्दा माथिका आयोजनाको सार्वजनिक लेखा परीक्षण तेस्रो पक्षबाट गर्ने । | सार्वजनिक लेखा परीक्षणको अभ्यास तथा तेस्रो पक्षबाट सार्वजनिक लेखापरीक्षण अभ्यास | गाउँपालिकाको वेबसाइट सार्वजनिक लेखा परीक्षण प्रतिवेदनहरू | पहिलो वर्ष र अन्तिम किस्ता भुक्तानी पूर्व | सुशासन समिति, लेखा समिति, नागरिक सङ्घ संस्था | प्रमुख प्रशासकिय अधिकृत/गाउँ पालिका |
| ४.५. गाउँको वित्तीय तथा नियमित लेखापरीक्षणको क्रममा सान्दर्भिक विषय अनुसन्धानका प्रतिवेदनमा नागरिकले आफ्नो धारणा राख्न पाउने औपचारिक विधि निर्धारण गर्ने । | लेखापरीक्षण कार्यविधिको प्रावधान | महालेखा परीक्षक कार्यालयको वेबसाइट | हरेक वर्ष | प्रमुख प्रशासकिय अधिकृत/गाउँ पालिका | महालेखा परीक्षककको कार्यालय |

## १२. नीतिको पुनाराबलोकन तथा परिमार्जन

नागरिक संलग्नता नीति लागू भए पछि आवश्यक्ता अनुसार पुराबलोकन र परिमार्जन गर्न सकिनेछ ।

## १३. खारेजी तथा वचाउ

यस नीतिमा व्यवस्था भएका कुराहरुको हकमा प्रचलित कानूनसँग बाझिएको हदसम्म खारेजी हुनेछ ।

उदयराज उपाध्याय
प्रमुख प्रशासकीय अधिकृत